तत्काल जारी गर्नका लागि

# नेपालः बालबालिकाको अपरहणमा व्यापकता

*तराईमा फिरौतीका लागि बालबालिकाको अपहरण र हत्याका घटनाहरूको अनुसन्धान गर*

(न्यूयोर्क, मार्च २८, २०११)- ह्युमन राइट वाचले आज जनाए अनुसार नेपालको तराईमा अपराधी गिरोह र अन्य हतियारधारी समूहहरू फिरौतीका लागि बालबालिकाको अपहरण र कहिलेकाहीँ हत्या समेत गरिरहेका छन्। नेपाल सरकारले यस्ता सम्पूर्ण घटनाहरूको तत्काल र विस्तृत अनुसन्धान गरेर कानुनी कारवाही अघि बढाउनु पर्छ, ह्युमन राइट वाचले भनेको छ।

"यी सशस्त्र समूहहरू साना व्यापारी, कृषक र शिक्षकहरूबाट पैसा उठाउनका लागि बालबालिकाको जिउज्यानलाई सङ्कटमा पारिरहेकाछन्," ह्युमन राइट वाचका वरिष्ठ बाल अधिकार अनुसन्धाता बिड सेपार्डले भने।"यदि अपहरित बालबालिकालाई मुक्त गराउन र सुरक्षित रूपले घर फर्काउनमा प्रहरी लगातार असफल भइराखेमा उनीहरूले आफूले सुरक्षा दिनुपर्ने समुदायहरूको विश्वास गुमाउनेछन्।"

तराईमा हालै सम्पन्न एउटा अनुसन्धानमा ह्युमन राइट वाचले  अपराधी गिरोह र अन्य हतियारधारी समूहहरूले फिरौतीका लागि गरेको बालबालिकाको अपहरणका पाँचवटा घटनाको अभिलेख तयार गऱ्यो। ह्युमन राइट वाचले अभिलेख गरेका अपहरणका घटनाहरू समग्र समस्याका सानो अंश मात्र हुन् र यो समस्या धैरै व्यापक छ भन्ने देखिएको छ। ह्युमन राइट वाचले गरेको अङग्रेजी भाषाका सञ्चार माध्यमहरूको सर्वेक्षणबाट सन् २०१० मा तराईबाट कम्तीमा २८ जना बालबालिकाको अपहरण भएको देखिएको छ। यी मध्ये नौ वटा घटनामा अपहरित बालबालिकाको हत्या भयो र दुई वटी बालिकालाई अपहरणकारीले बलात्कार गरे।

ह्युमन राइट वाचले अभिलेख गरेका प्रायः सबै अपहरणका घटनाहरूमा अभिभावकले फिरौती तिर्नुअघि बालबालिकालाई मुक्त गराउनमा प्रहरी असफल रहेको छ। केही परिवारले ह्युमन राइट वाचलाई बताए अनुसार प्रहरी तदारुकताका साथ कारवाही गरेन वा अभिभावकको चित्त बुझ्नेगरी पर्याप्त अनुसन्धान भएन।

एउटा घटनामा धनुषाका १५ वर्षीय बालक मुबारक रयिन अक्टोबरमा अपहरित भएपछि उनका बाबुले निजी अनुसन्धानकर्ताको सेवा लिएर अपहरणको केही दिनमा नै संदिग्ध व्यक्ति फेला पारेर थप अनुसन्धनका लागि प्रहरीलाई हस्तान्तरण गरे।

यद्यपि प्रहरीले मुबारकलाई मुक्त गराउन सकेन। एकमहिना पछि प्रहरीले परिवारलाई मुवारकको अपहरणको तीन दिन पछि नै उनको शव फेला परेको जानकारी दियो। ढुङ्गाले हानेर टाउको फुटाइएको अवस्थामा फेला परेको उक्त शवका बारेमा परिवारलाई तत्काल जानकारी दिनुको साटो प्रहरीले नै गाडेको थियो।

प्रहरीले ह्युमन राइट वाचलाई बताए अनुसार उनीहरूले त्यसबेला लासको सनाखत गर्न सकेनन् तर पछि त्यो मुबारककै भएको भन्नेमा विश्वस्त भए। प्रहरीले ह्युमन राइट वाचलाई आफूले संदिग्ध अपहरणकारीहरूलाई गिरफ्तार गरेको पनि बतायो तर उनीहरूले परिवारलाई मुवारकको शव हस्तान्तरण गर्न वा त्यसका बारेमा अरु जानकारी दिन बाँकी नै छ।

"मुवारकको अपहरण र हत्याको घटनाले बालबालिकाको अपरहणको घटनालाई विशेष महत्व र जिम्मेवारीका साथ अनुसन्धान गर्न आवश्यक रहेको कुरा देखाएको छ," शेपार्डले भने। "प्रहरी उनलाई उद्धार गर्न मात्र असफल भएको होइन, उनीहरूले उसको मृत्युपछि पनि लापरवाही गरे। मुवारकको शव परिवारलाई जिम्मा दिन नसक्नुले उनीहरूको दुःख बढाउने काम मात्र गरेको छ।"

मुवारकको शव फिर्ता पाउनु र आफ्नो परम्परा अनुसार अन्तिम संस्कार गर्न पाउनु उनको परिवारको नैसर्गिक अधिकार हो, ह्युमन राइट वाचले भनेको छ।

ह्युमन राइट वाचले अनुसन्धान गरेका घटनाहरूमा बालबालिकालाई अपहरणमुक्त गराउने प्रहरीको प्रयत्नमा प्रायः दस दिनभन्दा बढी समय लागेको छ र प्रायः सबै घटनामा परिवारले फिरौती तिरेपछि मात्र उनीहरूको उद्धार भएको पाइएको छ। प्रारम्भिक फिरौती रकम सरदरमा पाँच लाख रूपैयाँ रहेको पाइएको छ जसले उक्त परिवारहरूलाई एकदमै ठूलो आर्थिक सङ्कटमा पारेको छ।

अपहरणको मारमा परेका परिवार र मानवअधिकारकर्मीहरू अपहरण गराउनमा प्रहरी आफैं सम्मिलित रहेको वा त्यस्ता घटनाहरूप्रति आँखा चिम्लिएर फाइदा गरिरहेको आरोप पनि लगाउँछन्। अक्टोबर २०१० मा नेपालगञ्जमा भएको कपिल द्विवेदी र लिलाधर भट्ट नाम दुईजना किशोरहरूको अपहरण र हत्या यसको एउटा उदाहरण हो। सञ्चार माध्यमहरूमा आए अनुसार प्रहरीले गिरफ्तार गरेको प्रमुख संदिग्ध व्यक्तिले प्रहरीका दुइजना उपरीक्षक र राष्ट्रिय अनुसन्धान विभागका एकजना सहायक निरीक्षक संलग्न रहेको बताएको छ। प्रहरीले आरोपित तीन जना प्रहरी अधिकृतहरूको कथित संलग्नताका बारेमा कुनै पनि कुरा बाहिर ल्याएको छैन।

ह्युमन राइट वाचले नेपाल सरकारलाई अपहरणको अनुसन्धान गरेर यस्ता घटना रोक्नका लागि उपयुक्त कदम चाल्न आह्वान गरेको छ।

यसका अतिरिक्त ह्युमन राइट वाचले नेपाल प्रहरीलाई आर्थिक सहयोग उपलब्ध गराइरहेका दाताहरूलाई पनि यो मुद्दा उठाउन र ह्युमन राइट वाचले अभिलेख गरेका निम्नलिखित घटनाहरूको अनुसन्धानको स्थितिका बारेमा जानकारी माग्न आह्वान गरेको छः

**सिरहा जिल्लाका सुभास कुमार साह नामक १२ वर्षीय किशोरलाई लाहान स्थित आफ्ना बाबुको चमेनालयबाट घर फर्किने क्रममा बाटैबाट दुईजना मानिसले अपहरण गरे।**

अपहरणकारीले उनका बाबु गरीब साहलाई फोन गरेर पाँच लाख रुपैँयाको माग गरे। प्रहरीले अनुसन्धान गऱ्यो तर सुभासलाई मुक्त गराउन सकेन। बालकको सुरक्षालाई ध्यानमा राखेर र प्रहरीले मुक्त गराउन सक्दैन भनेर परिवारले फिरौती तिर्ने सम्झौता गऱ्यो र अपहरण भएको १२ दिनपछि सुभास मुक्त भए।

**नौ वर्षीय बालकहरू मुबारक रयिन र सतीश साह जनकपुर बजार जाने क्रममा २०१० अक्टोबर २१ का दिन बाटैबाट अपहरित भए।**

सतीशका बाबुआमाले रु २७५,००० फिरौती बुझाएपछि अपहरणकर्ताहरूले उनलाई चारदिनपछि छाडे। मुबारकको परिवारले फिरौती बुझाउन सकेन।

**सप्तरीका १२ वर्षीय बालक जनक चौधरी २०१० को नोभेम्बर २ का दिन आफ्नै स्कूल बाहिरबाट अपहरित भए।**

तीन दिन पछि अपहरणकारीले जनकको परिवारलाई फोन गरेर र पाँच लाख रूपैयाँ फिरौती मागे। सञ्चार माध्यमहरूका अनुसार प्रहरीले जनकलाई भारतमा भेट्यो र नोभेम्बर २३ मा उसको उद्धार गऱ्यो।

**सप्तरीको एउटा गाविसका सचिवका १४ वर्षीय छोरा सुरेश कुमार यादवलाई ९ अप्रिल, २०१० का दिन एउटा सशस्त्र गिरोहले अपहरण गऱ्यो र भारत पुऱ्यायो।** सुरेशको मुक्तिका लागि परिवारले अपहरणकारीसित सम्झौता गरेर फिरौती तिऱ्यो। परिवारले ह्युमन राइट वाचलाई बताए अनुसार उनीहरूले फिरौती बुझाइसकेपछि प्रहरीले अनुसन्धान गऱ्यो र सुरेशलाई भारतबाट मुक्त गराउन मदत गऱ्यो।